# राष्ट्रिय सूचना आयोगको

## आदेश

मु.नं. १७२८/२०७१/०७२

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल ........................................................................१ निवेदक

**विरुद्ध**

प्रमुख जिल्ला अधिकारी (कार्यालय प्रमुख), जिल्ला प्रशासन कार्यालय, काठमाडौं ......................१ विपक्षी

सूचना अधिकारी, जिल्ला प्रशासन कार्यालय, काठमाडौं ......................................................१

विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रितालले जिल्ला प्रशासन कार्यालय, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०८।११ मा निवेदन गरेको र यस आयोगबाट मिति २०७१।०८।२९ को आदेश बमोजिम जिल्ला प्रशासन कार्यालय, काठमाडौंको मिति २०७१।९।२८, च.नं. २१२२, प.सं. ०७१/०७२ को पत्र मार्फत निवेदकले माग गरेको सूचना निवेदकलाई उपलब्ध गराउने जानकारी पत्र आयोगमा प्राप्त हुन आएकोले निवेदकले माग गरेको सूचनाहरु निवेदकलाई नै उपलब्ध गराई सोको जानकारी यस आयोगलाई दिनू भनी जिल्ला प्रशासन कार्यालय, काठमाडौंका प्रमुख जिल्ला अधिकारी र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छाँयाप्रति संगै राखि पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

यशोदा देवी तिम्सिना
(सूचना आयुक्त)

किरण कुमार पोखरेल
(सूचना आयुक्त)

कृष्णहरि बाँस्कोटा
(प्रमुख सूचना आयुक्त)

ईति सम्वत् २०७१ साल माघ २२ गते रोज ५ शुभम् ।